# पाखीबास नगरपालिका

नगर कार्यपालिकाको कार्यालयककक

पाखीबास, धनकुटा

२०७३

१ नं.प्रदेश नेपाल

## नगर प्रहरी करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति: २०७७/०५/०५ )**

प्रस्तुत बिषयमा यस नगरपालिकाका लागि आवश्यक नगर प्रहरी नगर प्रहरी हवल्दार र नगर प्रहरी जवान सहयोगी करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिम विवरण र राजश्व तिरेका रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ ।

| क.सं. | विज्ञापन नं. | पद | संख्या |
|---|---|---|---|
| १ | २- २०७७/७८ | नगर प्रहरी इन्चार्ज (हवल्दार सरह) | १ (खुला) |
| २ | ३- २०७७/७८ | नगर प्रहरी जवान | ४ (खुला) |

१. आवश्यक न्यूनतम योग्यता :-

(क) दरखास्त आब्हान भएको सालको बैशाख १ गते १८ बर्ष उमेर पुरा भई र २४ बर्ष ननाघेको ।

तर अन्य संस्थाको मार्फत वा पाखीबास नगरपालिकाले छनौट गरी कार्यरत र नेपाली सेना, नेपाल प्रहरी तथा शसस्त्र प्रहरी बलमा कम्तिमा ५ बर्ष अनुभव भएका उम्मेद्वारलाई उमेरको हद लाग्ने छैन ।

(ख) आठ कक्षा उतिर्ण गरेको

(ग) नैतिकपतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

(घ) कुनै राजनीतिक दलको सदस्य नरहेको ।

(ङ) मानव अधिकार र मानवीय कानूनको उल्लंघनमा सजाय नपाएको ।

(च) महिलाहरुको लागि घटीमा ५ फिट र पुरुषको लागि घटीमा ५ फिट २ इन्च उचाई ।

(छ) छाती नफुलाउँदा घटीमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको ।

(ज) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

(झ) नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको ।

(ञ) पाखीबास नगरपालिकाको नगर बासीहरुलाई बिशेष ग्राहयता दिईनेछ ।

२. दरखास्त दिने स्थान :- पाखीबास नगर कार्यपालिकाको कार्यालय

३. दरखास्त दिने अन्तिम मिति :-२०७७/०५/१९ (सो दिन सार्वजनिक बिदा परेमा कार्यालय खुलेको दिन कार्यालय समय भित्र हुनेछ)

४. आवेदनको दस्तुर :- नगर प्रहरी इन्चार्जका लागि रु ५००।-(पाँच सय मात्र) र नगर प्रहरी जवानका लागि रु ४००।-(चार सय मात्र)

५. छनौटको किसिम :- शारीरिक तन्दुरुती परीक्षण, लिखित परीक्षा र अन्तर्वार्ता

६. आवेदन साथ संलग्न कागजातहरु :- आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपीहरु

- नागरिकता
- न्यूनतम योग्यताको लब्धांक प्रमाणपत्र
- चारित्रिक प्रमाणपत्र
- ४ प्रति पासपोर्ट आकारको फोटो

७. सेवा सुविधा :- नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

८. नगर प्रहरी इन्चार्ज (हवल्दार सरह) र नगर प्रहरी जवानले सम्पादित गर्नुपर्ने कार्यविवरण :- पाखीबास नगरपालिका नगरप्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७ को दफा ६ मा तोकिए बमोजिम हुनेछ ।

(डिकबहादुर राई)

प्रमुख प्रशासकीय अधिकृत

उप सचिव

प्रमुख प्रशासकीय अधिकृत